# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. खतिवडाद्वारा चौथो तनहुँ महोत्सव २०६९ उद्घाटन

तनहुँ जिल्लाको समग्र आर्थिक तथा सामाजिक विकासका लागि उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, कृषि र पर्यटन क्षेत्रमा टेवा पुऱ्याउने लक्ष्यका साथ तनहुँ जिल्लाको दमौलीमा मिति २०६९ माघ १२ देखि शुरु भई २१ गतेसम्म संचालन हुने **"चौथो तनहुँ महोत्सव- २०६९"** एवम् **"दोस्रो पश्चिमाञ्चल क्षेत्रीय औद्योगिक वस्तु तथा प्रविधि प्रदर्शनी-२०६९"** को एक समारोहका बीच गभर्नर डा. युवराज खतिवडाले उद्घाटन गर्नु भयो ।



महोत्सवको मूल नारा **"तनहुँ महोत्सव हाम्रो आधार-आर्थिक, सामाजिक विकासको पूर्वाधार"** भन्ने रहेको छ ।

उद्घाटन समारोहमा आफ्नो मन्तव्य राख्ने क्रममा गभर्नर डा. खतिवडाले मुलुकले गत ३० वर्ष बीचमै तीन प्रकारका राजनीतिक प्रणाली र त्यसभित्र बनेका विभिन्न सरकारका आर्थिक नीति र योजनाहरू अनुभव गऱ्यो, तर सबै प्रकारका राजनीतिक प्रणालीभित्र सबै पार्टीहरूले मूलत: मिश्रित अर्थतन्त्र अवलम्बन गर्न पुगेको र त्यसभित्र राज्यको र सहकारीको भूमिका मात्र थपघट भएको कुरा व्यक्त गर्नु भयो । मुलुकलाई आर्थिक सामाजिक रूपले अगाडि बढाउनका लागि राजनीतिक पार्टीहरूले केन्द्रदेखि स्थानीय तहसम्म सहकार्य गर्नु पर्ने देखिए पनि आर्थिक विकासको प्राथमिकता निर्धारण गर्ने क्रममा कहिलेकाही औद्योगिक विकासको मात्र कुरा गर्ने, कहिले कृषिको मात्र कुरा गर्ने, कहिले सेवा र आधुनिकीकरणको कुरा गर्ने तथा कहिले जलस्रोत विकासको कुरा गर्ने गरिएतापनि यी सबै क्षेत्रहरुबीच अन्तरसम्बन्ध रहेको हुँदा उपलब्ध आर्थिक श्रोत र साधनका आधारमा कृषिलाई केन्द्र विन्दूमा राखेर सबै क्षेत्रलाई एकसाथ अघि बढाउनु पर्ने विश्लेषण गर्नु भयो ।

महोत्सवलाई सम्बोधन गर्दै उहाँले भन्नु भयो- औद्योगिक विकास पनि निरपेक्ष ढंगले हुदैन । त्यसलाई आवश्यक पर्ने कच्चा पदार्थ कृषि र प्राकृतिक श्रोतबाट आपूर्ति हुन्छ, मानवीय श्रमको दक्षता र सीप विकास शिक्षण-प्रशिक्षण प्रतिष्ठानहरुबाट उपलब्ध हुन्छ र भौतिक पूर्वाधार सार्वजनिक निजी सहकार्यबाट सम्भव हुन्छ र यी सबै क्षेत्रहरूको सहकार्यबाट औद्योगिकरण हासिल गर्न सकिने विचार व्यक्त गर्नु भयो ।

एक्काइसौं शताव्दीमा आर्थिक विकास एउटा मुलुकको एक्लो प्रयासले मात्र सम्भव नभई सोको लागि अन्तर्राष्ट्रिय अन्तरनिर्भरता आवश्यक हुने हुँदा मुलुकमा उपलव्ध प्राकृतिक श्रोत र साधनको उपयोगबाट उच्चतम् आर्थिक प्रतिफल हासिल गर्नका लागि वैदेशिक पूँजी, प्रविधि र व्यवस्थापनको प्रयोगलाई पूरकको रुपमा लिएर अघि बढ्नु पर्ने कुरा बताउँदै उहाँले कतिपय अवस्था यस विषयमा राजनीतिज्ञ लगायत विज्ञहरुका बीचमा मतभिन्नता देखिएतापनि अहिले जलश्रोतको बहुपक्षीय उपयोग गरी ऊर्जा र अन्य भौतिक पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिएर अघि बढेमा औद्योगिकरणका लागि अनुकुल वातावरण बन्ने र यसबाट सरकार, लगानीकर्ता, आम जनता तथा समग्र मुलुकनै लाभान्वित हुने धारणा राख्नु भएको थियो ।

अहिले औद्योगिक वातावरण अलिकति खस्केको, औद्योगिक विकासका लागि यसको अग्रपृष्ठ सम्बन्धलाई ध्यानमा राख्नु पर्ने अवस्था रहेको, ऊर्जा र भौतिक पूर्वाधार पनि तुलनात्मक रूपले राम्रो नभएकोले कृषिलाई व्यवसायीकरण गरेर अघि जान




सकिने, कृषिको व्यवसायीकरणमार्फत साना र मझौला उद्योगलाई विकास गर्न सकिने तथा त्यसलाई ठूलो औद्योगिक विकासको आधारको रुपमा तयार गर्नु पर्ने अवस्थामा हामी छौं भन्ने धारणा उहाँले राख्नु भएको थियो । साना र मझौला व्यवसायलाई प्रवर्द्धन गर्न बैंकहरूलाई नीतिगत ढाँचाबाटै प्रेरित गरिएको, बैंक तथा वित्तीय संस्थाहरुमा साना र मझौला कर्जा सम्बन्धी छुट्टै एकाई राख्ने व्यवस्था मिलाइएको तथा कर्जा प्रकृयामा सरलीकरण गर्न अनुरोध गरिएको जानकारी गराउनु भयो ।

नेपाल उद्योग वाणिज्य महासंघले एक जिल्ला एक उत्पादनको रणनीति अघि बढाएकोले बैंकहरूलाई पनि कृषि तथा साना र मझौला व्यवसायमा अलिकति बढी कर्जा लगानी गर्नु पर्ने वातावरण सृजना गर्दै व्याजदरलाई उद्यममैत्री बनाउने कार्य प्रारम्भ भएको जानकारी दिँदै गभर्नर डा. खतिवडाले व्याजदर प्रणालीलाई पारदर्शी बनाउनको लागि आधार व्याजदर सम्बन्धी नीतिगत व्यवस्था कार्यान्वयनमा ल्याइसकिएको कुरामाथि प्रकाश पार्नु भयो ।

यस्ता प्रदर्शनीहरूले उत्पादन र उपभोक्तालाई एकै ठाउँमा ल्याएर कच्चा पदार्थ, श्रम, सीप तथा उत्पादन प्रविधिको उपलव्धता र सोको बजारीकरणका बारे सुसूचित गर्ने हुँदा स्वदेशी उत्पादनको उपभोगप्रति आकर्षित गर्ने, स्वदेशी उद्यमशीलता प्रवर्द्धन गर्ने, बैंक तथा वित्तीय संस्थाहरुलाई लगानीका क्षेत्रहरु पहिल्याउन सहयोग गर्ने हुँदा सरोकारवाला सबैलाई यसले प्रत्यक्ष एवं परोक्ष रुपले सहयोग पुऱ्याउने धारणा गभर्नर डा. खतिवडाले मन्तव्यको क्रममा राख्नु भयो ।

तनहुँ जिल्ला पौराणिक, ऐतिहासिक, धार्मिक, साहित्यिक र भौगोलिक दृष्टिकोणले अति संभावनायुक्त पर्यटन स्थल पनि हो भन्नु हुँदै गभर्नर डा. खतिवडाले बुढी गण्डकी परियोजनाको विकास गर्न सकेमा यसबाट जल पर्यटनको समेत विकास हुने संभावना रहेको तथ्य औल्याउनु भयो । पोखरा र काठमाडौंको बीचमा अवस्थित तनहुँ जिल्लामा वस्तु तथा सेवा उत्पादनको लागि कच्चा पदार्थको न्यूनता नरहेको, उत्पादित वस्तु तथा सेवाहरूका लागि बजारको अभाव नभएको तथा पर्यटक आगमनको अधिक सम्भाव्यता रहेको हुँदा यी कार्यहरूमा लगानी अभिवृद्धि गर्न उद्यमीहरुलाई आग्रह गर्नु भयो ।

कार्यक्रमपश्चात् गभर्नर डा. खतिवडाले विभिन्न अर्गानिक तरकारी खेती, फोटो प्रदर्शनी, हस्तकलाका वस्तुहरू तथा औद्योगिक उत्पादनको प्रदर्शनी स्थलको अवलोकन गर्नु भयो ।

मिति २०६९।१०।१३

**गभर्नरको कार्यालय**